# जन सरोकार दैनिक

"सत्य,तथ्य र निष्पक्ष समाचार, हाम्रो सरोकार"

जन सरोकार दैनिक र रेडियो सुप्रिम ८८.७ मेगाहर्जमा सूचना,विज्ञापन दिनुपरेमा हामीलाई सम्पर्क गर्नुहोस । सम्पर्क ०५५-५४००६४ ९८४५७२४०००

बर्ष १३ अंक १ - २०७८ साउन १ गते शुक्रबार | July 16, 2021 | पृष्ठ संख्या ४, मुल्य रु ५


## चन्द्रपुरमा अब्यवस्थित पार्किङले दुर्घटनाको जोखिम,सम्बन्धित निकाय खै ?

**जनसरोकार संबाददाता**
**चन्द्रपुर,३१ असार ।**

रौतहटको चन्द्रपुर नगरपालिका वडा नम्बर ४ चन्द्रनिगाहपुरमा अब्यवस्थित पार्किङले दुर्घटनाको जोखिम बढेपछि चन्द्रपुर नगर उद्योग वाणिज्य संघ चन्द्रनिगाहपुरको ध्यानाकर्षण भएको छ।

लामो समयदेखि कोभिड-१९ को महामारीका कारण ठप्प भएका व्यावसायहरु संचालनमा आएपछि पसल अगाडी नै अब्यवस्थित पार्किङले दुर्घटनाको जोखिम बढेपछि चन्द्रपुर नगर उद्योग वाणिज्य संघ चन्द्रनिगाहपुरको ध्यानाकर्षण भएको हो।

अब्यवस्थित पार्किङका कारण पैदल यात्रीहरु हिडडुल गर्न समेत कठिन हुन गई दुर्घटनाको जोखिम बढेकाले पार्किङको उचित ब्यबस्थापन गर्न सम्बन्धि निकायहरुलाई संघले ध्यानाकर्षण गरेको छ। चन्द्रपुर क्षेत्रमा रहेका विभिन्न ब्यापार ब्यावसाय सञ्चालन गर्नका लागी मुख्या राजमार्ग देखि गौर रोड तथा भित्रि बाटोहरुमा अब्यवस्थित पार्किङ रोडको छेउछाउ गरिदिनाले पैदल यात्रुहरुलाई हिड्न समेत कठिनाई भई ब्यापार ब्यावसायीमा समेत प्रत्यक्षरुपमा असर पर्नुका साथै दुर्घटनाको जोखिम बढेको चन्द्रपुर नगर उद्योग वाणिज्य संघ चन्द्रनिगाहपुर रौतहटका उपाध्यक्ष प्रकाश सुनुवारले जानकारी दिएका छन्। अब्यस्थित पार्किङका कारण हुन सक्ने जोखिमलाई न्युनिकरणका लागी ब्यवस्थित पार्किङको ब्यवस्थापनमा सहयोग गरिदिन सो संघले चन्द्रपुर नगरपालिका,इलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुर, इलाका प्रहरी कार्यालय ,जिल्ला ट्राफिक कार्यालय,सडक डिभिजन कार्यालय र चन्द्रपुर नगरपालिकाको



वडा नम्बर ४ , ५ , ६ को वडा कार्यालय चन्द्रनिगाहपुरमा एकै पटक पत्रचार गरि चन्द्रपुर क्षेत्रमा ब्यवस्थित पार्किङको ब्यवस्थापनको लागी अपिल गरेको उपाध्यक्ष सुनारले बताए। चन्द्रपुर नगरक्षेत्रमा ब्यवस्थित पार्किङको व्यस्थापन गर्न सम्बन्धित निकायलाई पटकपटक जानकारी गराएपनि हाल सम्म कुनै किसिमको निकास ननिकाली कानमा तेल हालेर बसेको उपाध्यक्ष सुनुवारको भनाई रहेको छ।

## चुरे दोहनका कारण बस्तीनै बिस्थापीत



**प्रिमेश शिवाकोटी**
**चन्द्रपुर,३१ असार**

बर्षेनी भईरहेको चुरे दोहनका कारण रौतहटको एक बस्तीनै बिस्थापीत भएको छ । निरन्तर भएको चुरे दोहनका कारण साबिकको चन्द्रनिगाहपुर गाबिस ५(हाल चन्द्रपुर ५) हर्दिया खोला देखी पश्चिम र चाादी देखी पुर्बमा रहेको खैराह बस्तीनै बिस्थापीत हुन पुगेको छ।

२०६१ सालमा चाँदी नदि बस्तीमा पसेपछि बस्तीनै बिस्थापित भएको ८२ बर्षीय बृद्ध हर्ष बहादुर पुलामीले बताए।बस्तीमा ६५ घरधुरी थियो भने ८५ बिगाह खेतीयोग्य जमिन मध्य आधा भन्दा बढी जमिन बगरमा परिणत हुन पुगेको छ।

आयोजनाको नाममा स्थानीय तहका जनप्रतिनिधिकै हस्ताक्षरको भरमा वातावरणीय प्रभाव मूल्यांकन परीक्षणासमेत नगरी लाखौं घनमिटरको परिमाणमा जथाभावी ढुंगा र गिट्टीको उत्खननका कारण बस्तीनै बिस्थापीत हुन पुगेको छ भने चाँदी खोला छेउका अन्य बस्तीपनि बाढीको जोखिममा परेका छन्।

## गच्छदार र आलमको तस्वीर सहित प्रदर्शन

**जनसरोकार संबाददाता**
**काठमाण्डौ,३१ असार ।**

नेकपा एमाले निकट युवा संघ नेपालले कांग्रेस नेता विजयकुमार गच्छदार र अफताब आलमको तस्वीरसहित प्रदर्शन गरेको छ।

त्यसक्रममा युवा संघका कार्यकर्ताहरुले गचछदार र आलमको तस्वीरमा जुत्ताको माला समेत लगाएपछि प्रहरीले हस्तक्षेप गरेको छ। प्रदर्शनका क्रममा युवा संघका कार्यकर्ता र प्रहरीबीच झडपसमेत भएको थियो।

गच्छदार र आलमलाई भ्रष्टाचारी भन्दै




युवा संघका कार्यकर्ताले पुतला दहन समेत गरेका थिए।

## दुर्घटना हुदा चार जना घाइते

**जनसरोकार संबाददाता**
**चन्द्रपुर,३१ असार ।**

रौतहटको गरुडामा मोटरसाइकल दुर्घटना हुदा चार जना घाइते भएका छन्। जिल्लाको गौर चन्द्रपुर सडक खण्डको विरेन्द्र राजमार्गमा दुइ मोटरसाइकल एक आपसमा ठोक्किदा चार जना गम्भीर घाइते भएको प्रहरीले जनाएको छ।

घाइते हुनेहरुमा गरुडा नगरपालिका ४ बस्ने २४ वर्षीय शशिकान्त कुमार साह, पिपरा भलोहिया बस्ने २४ वर्षीय राजेश कुमार बैठा , २५ वर्षीय अजय कुमार सिंह र २४ वर्षीय राहुल कुमार साह रहेका छन्।

बुधवार करिब ६ : १५ बजेको समयमा गरुडामा चन्द्रपुर बाट गौर आउदै गरेको ना.५९ प १९९५ र बिपरित दिशा बाट जादै गरेको ना ४९ प ६४१८ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किएको हो।

गम्भीर घाइते भएका शशिकान्तको थप उपचारको बिरगंज पठाइएको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ। अन्य तिन जनाको टाउको र शरिरको विभिन्न भागमा चोट लागेको छ।

दुर्घटनामा परि घाइतेहरुको उपचार भइरहेका प्रहरीले जानकारी दिएको छ। दुवै गाडी ईलाका प्रहरी गरुडामा राखिएको इलाका प्रहरी कार्यालय गरुडाका डिएसपी श्रीराम भण्डारीले जानकारी दिएका छन्।

## शिवको मुर्ति पुन:निमार्ण कार्य तिब्र



**जनसरोकार संबाददाता**
**चन्द्रपुर,३१ असार ।**

रौतहटको चन्द्रपुर नगरपालिका वडा नम्बर १ पौराई स्थित पौराई ब्रम्हस्थान मन्दिरमा शिवको मुर्ति पुन निमार्ण कार्य तिब्र गतिमा भईरहेको छ।

बिगत ३ बर्ष देखि पौराई ब्रम्हस्थान मन्दिरमा मापदण्ड अनुसार गुणास्तरीय काम तिब्र गतिमा भईरहेको हो।

कोभिड-१९ को माहामारीमा समेत पनि भारत बाट आएका कालिगढले सो शिवको मुर्ति निमार्णमा दिनरात खटिएका पौराई ब्रम्हस्थान शिव मुर्ति पुन:निमार्ण समितिका अध्यक्ष रुपेश पंडितले जानकारी दिएका छन्।

सो शिवको मुर्ति निमार्ण कार्यको लागि रौतहट क्षेत्र नम्बर ४ का प्रदेश सभा सदस्य धनलाल ठोकरले आफ्नो बिनियोजित बजेटबाट प्रतेक बर्ष रकम छुट्याउदै आएका छन्।

प्रदेश सभा सदस्य ठोकरले हाल सम्म ४५ लाख पचास हजार रकम छुट्याउनु भएको अध्यक्ष पंडितले बताएका छन्।

निमार्ण भईरहेको शिवको मुर्तिको अनुमानित लागत १ करोड रहेको छ भने हाल सम्म ५० लाख भन्दा बढि खर्च भएको अध्यक्ष पंडितले जानकारी दिएका छन्।

शिव मन्दिर पुन निमार्ण कार्य छिटो भन्दा छिटो सम्पन्न गराई पौराई ब्रम्हस्थान मन्दिरलाई प्रदेश नम्बर २ कै धार्मिक पर्यटकीय क्षेत्रको रुपमा चिनाउन दिनरात काम गर्ने अध्यक्ष पंडितको जमर्को रहेको छ।

## बाल पोषण भत्ता नदिएको गुनासो

**जनसरोकार संबाददाता**
**वृन्दावन,३१ असार ।**

रौतहट जिल्लाको बृन्दावन नगरपालिकाले बाल पोषण भत्ता नदिएको अभिभावकहरुको गुनासो बढेको छ। सो नगरपालिकाले बिगत एक वर्ष देखी राज्यले उपलब्ध गराउने बाल पोषण भत्ता नदिएको भन्दै अभिभावकहरुले गुनासो गरेका छन्।

नगरपालिकाले राज्यले तोकेको भत्ता समेत समयमा नदिएको स्थानीय अभिभावक रामप्रवेस पटेलले बताएका छन्। कर्मचारीको चरम लापारवाहीका कारण नगरपालिकामा रहेका बालबालिकाहरु पोषण भत्ता पाउनबाट बन्चित भएका हुन्।

सो बिषयमा कुरा गर्नका लागि कार्यालय प्रमुख नागेन्द्र यादवसंग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन नसकेको बताइएको छ। एक बर्षको बाल पोषण भत्ता र बृद्ध भत्ता साउन लागेपछि बितरण गरिने नगर प्रमुख रामस्नेही यादवले जानकारी दिएका छन्।

## सन्तपुरका असईको दुर्घटना मृत्यु

**जनसरोकार संबाददाता**
**चन्द्रपुर,३१ असार ।**

रौतहटको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर मातहतको सन्तपुर प्रहरी चौकीको असईको दुर्घटना परि मृत्यु भएको छ।

रौतहटको चन्द्रपुर नगरपालिकाको वडा नम्बर ८ स्थित प्रहरी कार्यालय सन्तपुरमा कार्यरत असई रमेश कुमार राउतको सडक दुर्घटना हुदा उहाको घटनास्थलमा नै मृत्यु भएको रौतहट प्रहरी सुचना अधिकारी नारायण प्रसाद चिमोरियाले बताए।

पर्साको सखुवा प्रसौनी गाँउपालिका ६ घर भई हाल प्रहरी कार्यालय सन्तपुरमा कार्यरत असई ४४ वर्षीय रमेश कुमार राउतको दुर्घटनामा मृत्यु भएको हो। राउतको बारा बरियारपुर र बघवन चोकको बीचमा ट्रकको ठक्करबाट मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डिएसपि लिलाराज लामिछानेले बताए।

प्रदेश २-०३-००१ ख.७१५ नम्बरको ट्रकले स.५प.९५३७नम्बरको मोटरसाइकललाई ठक्कर दिदा राउतको मृत्यु भएको प्रहरीले जनाएको छ। ट्रकसहित चालकलाई नियन्त्रणमा लिइएको बाराका प्रहरी प्रवक्ता डिएसपी गौतम मिश्रले जानकारी दिए।

## देउवाबाटै देश कोरोनामुक्त हुने विश्वास



**जनसरोकार संबाददाता**
**काठमाण्डौ,३१ असार ।**

सुशील कोइराला मेमोरियल फाउन्डेशनले प्रधानमन्त्री शेरबहादुर देउवाको कार्यकालमा कोरोना महामारीको चपेटामा परेको मुलुकले निकास पाउने विश्वास व्यक्त गरेको छ।

नेपाली कांग्रेसको महामन्त्रीसमेत रहेका फाउन्डेसनका अध्यक्ष डा. शशाङ्क कोइराला र सदस्य सचिव इञ्जिनियर अतुल कोइरालाले बुधबार विज्ञप्ति जारी गरी नेपाली जनताको सुख, शान्ति र समृद्धिको सपना पूरा गर्न वर्तमान सरकार सफल हुने कामना गरेका हुन्।

नेपाली कांग्रेसका सभापति र फाउन्डेसनको संरक्षकसमेत रहेका देउवा मुलुकको प्रधानमन्त्री बनेकामा शुभकामनासहित उनको सफल कार्यकालको कामना पनि गरिएको छ। देउवा मंलबार पाँचौपटक प्रधानमन्त्री पदमा नियुक्त भएका हुन्।

सोमबार सर्वोच्च अदालतले कांग्रेस संसदीय दलको नेतासमेत रहेका देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गरेको थियो।

## वडा नम्बर ७ को वडा कार्यालयको उद्घाटन

**जनसरोकार संबाददाता**
**चन्द्रपुर,३१ असार ।**

रौतहटको चन्द्रपुर नगरपालिकाको वडा नम्बर ७ को वडा कार्यालय भवनको विधिवत रुपमा उदघाटन भएको छ।

बुधबार एक कार्यक्रमकाबिच रौतहटको चन्द्रपुर नगरपालिकाको वडा नम्बर ७ बनबहुअरीमा नवनिर्मित वडा कार्यालयको उद्घाटन गरिएको हो। चन्द्रपुर नगरपालिकाका नगर प्रमुख रामचन्द्र चौधरी,उपप्रमुख रामरती चौधरी,वडाध्यक्ष बिष्णु प्रसाद उप्रेती,४ नम्बर वडाका वडाध्यक्ष अमर बहादुर आले र ९ नम्बर वडाका वडाध्यक्ष गोबिन्द दुलालले संयुक्त रूपमा नवनिर्मित वडा कार्यालय भवन उद्घाटन गरेका हो। ५ कोठे वडा कार्यालय भवनको २ बर्षअघि सिलान्यास गरिएको थियो। सो भवनको लागत करिब २५ लाख रुपैयाँ रहेको थियो। नगरपालिकाभित्रका वडा कार्यालय व्यवस्थित नभएसम्म वडा तहको कार्य सम्पादन व्यवस्थित हुन नसक्ने नगर प्रमुख रामचन्द्र चौधरीले बताए। उहाले सबैको साथ र सहयोग भएकै कारण चन्द्रपुरमा विकाशका कामहरु तिब्र गतिमा भएको भन्दै नगरबासीलाई धन्यबाद समेत दिए।

नगरपालिकाका सबै वडाको विकाश गर्दै वडाबासीलाई छिटो छरितो सेवा दिनु नै मुख्य जिम्मेवारी भएको उपप्रमुख रामरती चौधरीको भनाई रहेको छ।

## बेहुलासहित तीन जना पक्राउ

**जनसरोकार संबाददाता**
**बारा,३१ असार ।**

बाल विवाहमा संलग्न रहेका अभियोगमा बेहुलासहित तीन जना पर्साबाट पक्राउ परेका छन्।

पक्राउ पर्नेमा बाराका प्रसौनी गाँउपालिका वडा नम्बर ५ बस्ने ४८ वर्षीय महेश सहनी, पर्साको पकाहामैनपुर गाँउपालिका १ धोरेका २४ वर्षीय बेहुला विशाल सहनी र सोही ठाँउ बस्ने ६५ वर्षीय ठग सहनी रहेको प्रहरीले जनाएको छ।

यही असार १७ गते २४ वर्षीय विशाल सहनीसंग पर्साको धोरेस्थित भुटनदेवी मन्दिरमा १७ वर्षीया बालिकाको विवाह गरेको र गराएको आरोपमा उनीहरुलाई पक्राउ गरेको हो।

जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी पक्राउ परेका तीनै जनालाई हिरासदमा राखी यसबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

प्रकाशक तथा प्रबन्ध निर्देशक :प्रिमेश शिवाकोटी
सम्पादक : शैलेन्द्र कुमार गुप्ता
मुद्रक : राज प्रिन्टिगं प्रेस, गौर
कार्यालय : चन्द्रपुर ४ ,रौतहट
बिज्ञापन : ९८४५७२६८८८,९८४५७२४०००
कार्यालय : ०५५–५४००६४,९८४५७२४०००
इमेल: janasarokardaily@gmail.com
वेभसाईट: janasarokardainik.com

सम्पादकीय ....................

# नेपाली कांग्रेसको राजनीति

नेपाली राजनीतिको एउटा प्रमुख प्रजातान्त्रिक पार्टीको रुपमा नेपाली कांग्रेस रहेको छ। यसले राष्ट्र, राष्ट्रियताको संरक्षण र सम्वर्द्धन तथा प्रजातन्त्रिक समाजवादी समाज निर्माण र विकास गर्ने ध्येय राख्दै आएको छ ।

पुरानो इतिहास र विरासत बोकेको नेपाली कांग्रेस अहिले १४औं महाधिवेशनको संघारमा छ । महाधिवेशनको सन्दर्भमा पार्टी पक्षधर बुद्धिजीवीहरू के कस्ता विश्लेषण गरिरहेका छन् र पार्टीको भाग्य र भविष्य निर्माण र सुदृढीकरण गर्न हस्तक्षेपकारी बौद्धिक वैचारिक भूमिका पनि निर्वाह गरिरहेका छन् कि छैनन् भन्ने सन्दर्भ उठेको छ । पार्टी अहिले संस्थापन र संस्थापन इतर समूहका रूपमा खडा भएको अवस्था देखिन्छ। नेपालमा अस्थिरता निम्त्याउने सजिलो काम भनेको पार्टी भित्रको आन्तरिक एकता खलल हुनु हो ।

काँग्रेस महाधिवेशनको संघारमा भएपनि जुन खालको सैद्धान्तिक वैचारिक तथा आगामी कार्यक्रम र कार्यनीति विधिका बारेम चर्चा हुनु पर्ने हो, त्यस हुन सकेको छैन। आगामी महाधिवेशनमा सभापतिका प्रत्यासीको लस्कर लागेको देखिन्छ तर अधिकांशले आफू सभापति हुदा पार्टीलाई र रुख चिन्हलाई बहुमत दिलाउने चुनावी हल्का भाषणबाहेक पार्टीको नीति, विधि र पद्धतिबारे खासै बोलेको पाइन्न । एमालेको विरोध गरेर मात्र पार्टी बलशाली हुन्छ र आफू प्रभावशाली हुने भन्ने भ्रम काँग्रेसका नेताहरुमा छ ।

कांग्रेस १४औं महाधिवेशनको वैचारिक पक्षमा ध्यान केन्द्रित गर्न छाडेर विपक्षलाई अस्वस्थ्य गाली मात्र गरेर सबल बन्दैन भन्ने बुझ्नुपर्छ ।

कांग्रेसलाई कांग्रेस जस्तो बनाउन राष्ट्र, राष्ट्रियता र प्रजातान्त्रिक समाजवाद विषयमा महाधिवेशनका बेला पार्टीमा देशव्यापी छलफल हुनुपर्छ । आफ्नै कमजोरीलाई निर्ममतापूर्वक शल्यक्रिया गर्न सक्ने क्षमता कााग्रेस र यसका नेताहरुले देखाउनुपर्छ ।

महाधिवेशनको पूर्वसन्ध्यामा पार्टीभित्र उम्मेदवारी चर्चाको रौनकले एक पटक कााग्रेस महाधिवेशनका लागि आम कार्यकर्तामा उत्साह जगाएको छ । अन्तिम समयमा को को प्रतिस्पर्धामा देखा पर्लान्, अहिले नै निक्र्योल गर्न सक्ने अवस्था भने छैन ।

महाधिवेशनमा हुने निर्वाचनमा एउटाले जित्ने हो र जसले जिते पनि कााग्रेसले जित्ने हो भन्ने भावना राख्नुपर्छ। यो प्रतिपर्स्धालाई स्वस्थ बनाएर काँग्रेसले लोकतान्त्रिक पार्टीको आफ्नो छविलाई उजिल्याउन सक्नुपर्छ, धूमिल हुन दिनु हुदैन ।

आफ्नो घर अगाडीको आँगनमा बिरुवा रोपौं
हरियाली बढाऔं
चन्द्रपुर नगरपालिकाको कार्यालयद्धारा जनहितमा जारी संदेश

आफ्नो घर अगाडीको आँगनमा बिरुवा रोपौं
हरियाली बढाऔं
वृन्दावन नगरपालिकाको कार्यालयद्धारा जनहितमा जारी संदेश

आफ्नो घर अगाडीको आँगनमा बिरुवा रोपौं
हरियाली बढाऔं
गरुडा नगरपालिकाको कार्यालयद्धारा जनहितमा जारी संदेश

आफ्नो घर अगाडीको आँगनमा बिरुवा रोपौं
हरियाली बढाऔं
गौर नगरपालिकाको कार्यालयद्धारा जनहितमा जारी संदेश

आफ्नो घर अगाडीको आँगनमा बिरुवा रोपौं
हरियाली बढाऔं
कटहरीया नगरपालिकाको कार्यालयद्धारा जनहितमा जारी संदेश

आफ्नो घर अगाडीको आँगनमा बिरुवा रोपौं
हरियाली बढाऔं
देवाही गोनाही नगरपालिकाको कार्यालयद्धारा जनहितमा जारी संदेश

# देउवाजी ओलीतन्त्रका गल्ती नदोहोऱ्याउनुहोला ?

**डम्बर खतिवडा**

सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाजी

जय नेपाल–जय मातृभूमि–लाल सलाम–नमस्कार

जय नेपाल यसर्थमा कि तपाईंको प्रधानमन्त्रीत्वसँग तपाईंको मात्र हैन, सबै कांग्रेसजनको इज्जत, प्रतिष्ठा र आत्मसम्मान जोडिएको छ ।जय मातृभूमि यसर्थमा कि तपाईंको प्रधानमन्त्रीको सफलता, असफलताले जनता समाजवादी पार्टीको कार्यनीति र कार्यदिशाको सफलता असफलता समेत संपरीक्षण गर्नेछ ।

लाल सलाम यसर्थमा कि तपाईंको प्रधानमन्त्रीत्व कालमा कुनै अवगाल आइलागे माओवादी केन्द्र, एमाले–माधव नेपाल पक्ष र राष्ट्रिय जनमोर्चाले समेत त्यसको भागीदार बन्नुपर्नेछ । नमस्कार यसर्थमा कि सिङो देश, जनता र इतिहासको गति कुनै न कुनै रूपमा तपाईंको कार्यशैली र क्रियाकलापसाग निर्भर गर्नेछ ।

प्रधानमन्त्री पद तपाईंका लागि यतिखेर पक्कै मुख्य कुरा हैन होला। प्रधानमन्त्री त तपाई यसअघि नै चार पटक भइसक्नुभएको छ । पहिलो पटक प्रधानमन्त्री हुनेलाई पदले सनसनी, रोमाञ्चकता, के–के न पाए भन्ने भावना सृजना गर्दो हो। रहस्यबोध वा कुनै अतिरिक्त आनन्द दिंदो हो। पाँचौं पटक प्रधानमन्त्री हुनेलाई पद कति नै महत्वपूर्ण कुरा हो र ? पदले के नै थप आनन्द र सफलताको अनुभूति देला र ?

यो सत्य हो कि यसपटक तपाईंले पदका लागि खासै चासो राख्नुभएको र लोभ गर्नुभएको थिएन। अघिल्ला पटक गर्नु परेको थियो होला यसपटक मरिहत्ते गर्नुभएको थिएन । यसपालि तपाईंले पद खोजेको हैन, लावण्य देशमा हात्तीले नवराज खोजे जस्तो पदले तपाईंलाई खोजेको हो ।

यसपालि त तपाईंको कम्युनिष्टहरू फुटेको बेला नयाँ चुनाव नै नेपाली कांग्रेसका लागि उचित हुन्छ भन्ने यस्तो अवसरको उपयोग गरेर कांग्रेस एक्लैले बहुमत ल्याउनुपर्छ भन्ने भित्री मनको चाहना थियो। तपाईंको चाहना लुकेको थिएन ।

एक कांग्रेस नेताका रूपमा पार्टीको मात्र हित हेर्दा त्यो कुनै नाजायज आकांक्षा पनि थिएन । पुस ५ गतेको पहिलो प्रतिनिधिसभा विघटनपछि अरू कांग्रेसजन प्रतिगमन विरुद्ध सडक संघर्ष गर्दै थिए, तपाई चुनावको तयारी गर्न कार्यकर्तालाई निर्देशन दिंदै हुनुहुन्थ्यो । तर, राजनीतिक संघर्षको निर्ममता कुनै व्यक्तिको निजी चाहनाप्रति दयालु हादैन, चाहे व्यक्ति जतिसुकै ठूलो र शक्तिशाली पदमा होस् । संसारका अधिकांश शक्तिशाली शासक वा राजनीतिज्ञले नबुझ्ने र गल्ती गर्ने कुरा यही हो कि राजनीतिमा व्यक्ति निजी चाहनाको समपूरक हैन, इतिहासको गतिको एक कडी मात्र हुन्छ। पहिलो प्रतिगमनसम्म तपाईंमा विपक्षी गठबन्धन बनाएर सागै सडक संघर्ष गर्ने इच्छासम्म थिएन । किन मिल्ने यिनीहरूसँग, ओलीसँग लड्न कांग्रेस एक्लै काफी छ भन्ने भावना थियो ।

तर, इतिहासले तपाईंको निजी इच्छा हेरेन । समयले तपाईंको व्यक्तिगत भावनालाई भाउ दिएन । इतिहासले आफ्नै गति पक्रियो । ओलीले दोस्रोपटक प्रतिनिधिसभा विघटन गर्ने, हुसेन पथको अभ्यास गर्ने तीव्र लालसा मात्र देखाएनन्, त्यसको चौतर्फी योजना र आक्रामक कारबाही गर्न थाले । तपाई विपक्षी गठबन्धनमा आउन बाध्य हुनुभयो। यही अनिच्छित गठबन्धनले यति छिटो तपाईंलाई पाचौं पटक प्रधानमन्त्री बनाउछ भन्ने शायदै सोच्नुभएको थिएन होला। तर, हुनुभयो ।ओलीले अति गर्न थालेपछि आजित भएकाहरूले तपाईंलाई जेठ ७ गते संविधानको धारा ७६ (५) बमोजिमको प्रधानमन्त्रीका लागि समर्थनको हस्ताक्षर दिए। अरूले त दिने नै भए, एमालेको माधव नेपाल पक्षले समेत त्यो आट गऱ्यो । पत्रकार सम्मेलनमा मलाई सरकार चाहिएको छैन, म सरकार चलाउन वाक्कदिक्क भइसकें, वैकल्पिक सरकार बनाए हुन्छ जस्ता पाखण्डी कुरा गरिरहेका ओलीको ओठमुख सुक्यो ।

पत्रकार सम्मेलन रोकेर ओली हतारहतार शीतलनिवास दौडिए, गोजीमा महन्थ ठाकुर र राजेन्द्र महतोको फर्जी चिठी बोकेर। तपाई विपक्षी गठबन्धनका नेताहरूसहित सशरीर सानले शीतलनिवास पुग्नुभयो ।

अदालतले त्यो दृश्य र गणित पनि हिसाब गऱ्यो। भन्दियो– तपाईंसँग १४९ को समर्थन थियो, ओलीसाग तीन जनाको ।तर, यो स्थिति तपाईंको व्यक्तिगत पराक्रम हैन, इतिहास–चक्रको गति थियो । कतै त्यो भाव तपाईंमा नआओस् ।

इतिहास–चक्रको गतिलाई निजी पराक्रम, बहादुरी वा सफलता ठान्न थाल्नुभयो भने ओलीकै जस्तो गल्ती हुन्छ। सत्तासँगै अहं र अहंसागै पतनको जन्म हुनु औसत राजनीतिज्ञका लागि लागू हुने नियम हो। सत्तामा पुग्नुपर्नेहरूले गर्नुपर्ने पहिलो काम भनेकै अहंकारको जन्मबाट जोगिनु हो। ओलीको पतनका अरू कारण निमित्त हुन्, प्रमुख कारण अहंकार हो ।

तपाईंमा पनि त्यो भाव देखियो भने देउवा भनेर कसैले काँध थाप्नेवाला छैन । यस पटकका घटनाक्रम ओली र देउवा बीचको व्यक्ति छनोट वा पक्षधरताको विषय हुदै हैन। यो कांग्रेस र कम्युनिष्ट बीचको पार्टीगत छनोट पनि हैन । यदि त्यसो हुन्थ्यो त माओवादी, एमाले माधव नेपाल पक्ष, राष्ट्रिय जनमोर्चा तीन वटा कम्युनिष्ट समूह एकसाथ तपाईंलाई काँध थाप्न आउदैनथे ।

घटनाक्रमको अन्तर्यमा अरू नै महत्वपूर्ण भाव छन् । संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र विकास गर्ने विषय छ । संविधानवाद र संविधानको रक्षा गर्ने विषय छ । ओलीतन्त्रको स्वेच्छाचारिताले जे–जे चिज बर्बाद र सत्यनाश गऱ्यो, त्यसलाई पुनश्चः लोकतान्त्रिक मार्गमा फर्काउनुपर्ने दायित्व छ। यी दायित्वबाट च्यूत हुनुभयो वा यी भावनालाई हानि पुऱ्याउनुभयो भने सबैले सजिलै तपाईंको साथ छोड्ने छन् ।

यहाँनेर मेरो जोड कति मात्र हो भने यसपटक तपाई आफ्नो इच्छा, चाहना र प्रयासले प्रधानमन्त्री हुनुभएको हैनह ओलीको मति, इतिहासको गति र देशको नियतिले प्रधानमन्त्री हुनुभएको हो। यसपटक तपाईंको प्रधानमन्त्रीत्वको सान, ज्ञान र अभिमान देशको अवस्था र इतिहासको आवश्यकताप्रति समर्पित हुनुपर्दछ । व्यक्तिगत चाहना, गुटस्वार्थ र दलीयकरणका लागि हैन । विश्वास छ, त्यो बाटो रोज्नु हुनेछैन ।

मलाई विश्वास छ कि तपाईंले विश्वासको मत पाउनुहुनेछ । कमरेड माधव नेपालले पक्कै त्यो गल्ती नगर्नुहोला कि आफ्नै हस्ताक्षरले संसद ब्यूताउने, आफ्नै समर्थनले नयाँ सरकार बनाउने, एक महीना नबित्दै त्यही संसदको हत्या गर्ने, त्यही सरकार गिराउने । यस्तो काम कसैको हितमा हुने छैन । माधव नेपाल र उनका सहकर्मीले अहिलेसम्म देखाएको साहस र समर्पणले त्यो बाटो रोज्न दिने छैन ।तपाईंको सरकारले विश्वासको मत पायो भने संसदको बाँकी कार्यकाल करीब १७ महीना तपाईंको नेतृत्वको सरकार रहनेछ। मानौं कि विश्वासको मत पाउनुभएन संविधानको धारा १, २, ३ र ५ को प्रयोगपछि धारा ७६ (७) को प्रयोग हुने हो । यसको अर्थ हो कि विश्वासको मत लिने एक महीना र नयाा चुनावमै जानु पऱ्यो भने पनि ६ महीना गरी कम्तीमा ७ महीना त यो सरकार चल्छ, चल्छ ।

मध्यावधि चुनाव गर्न जति पनि पैसा छ भन्ने, अन्यत्र छेलोखेलो पैसा दुरुपयोग गर्ने, खोप किन्ने क्षमता छैन भनेर दान पर्खेर बस्ने । यो तरिका बिल्कुल ठीक थिएन । तपाइ यसरी दान कुरेर नबस्नुहोला ।

यो गणना किन भने तपाईंले प्रधानमन्त्रीत्वको कार्यकाल लम्ब्याउन ओलीले जस्तो कुनै ताल, तिकडम, किर्ते र जालसाज गरिरहन जरूरी छैन । अधिकतम तपाई करीब १८ महीना प्रधानमन्त्री रहने हो यो पटक। न्यूनतम ७ महीना अगाडि तपाईंलाई कसैले हटाउन सक्दैन । तसर्थ, कुनै जालझेलको खेल खेल्न जरूरी नै छैन। तपाईंको प्रधानमन्त्रीको यो कार्यकाल एक निर्धक्क कार्यकाल हो । कसैले हल्लाउन नसक्ने, पदमा टिक्न कुनै चिन्ता लिनु नपर्ने ।

संसदीय लोकतन्त्रमा प्रधानमन्त्रीले यति मात्र सहजता र प्रष्टता पाउनु पनि ठूलो सुविधा हो। संसदीय लोकतन्त्रमा अधिकांश प्रधानमन्त्रीहरू आफ्नो कुर्सीको चिन्ता गर्दै हैरान हुन्छन्। जब कुर्सीको चिन्ताले हरदम मथिल्ल खान्छ, देश र जनताको बारेमा सोच्ने फुर्सद नै हुदैन । ओलीले त्यही गरेर करीब ४० महीना बिताए। यद्यपि उनले त्यसो गर्न जरूरी थिएन ।

उनी त झन् झण्डै दुईतिहाइको प्रधानमन्त्री थिए। पद र कुर्सीको चिन्ता छोडेर निष्फिक्री देश र जनताको कुरा सोचेको भए हुन्थ्यो ।तर, उनले आफ्नै पार्टी र सहकर्मीलाई विश्वास गर्न सकेनन् । फलतः दुई तिहाइको यो हविगत भयो । देउवाजी ओलीको यो गल्ती तपाई बिल्कुलै नदोहोऱ्याउनुहोला ।संसदीय लोकतन्त्रमा गठबन्धन सरकार चलाउादा सहकर्मी, साझेदार दल, गठबन्धन भावना र संस्कृतिलाई सर्वथा उच्च प्राथमिकतामा राख्नुपर्ने हुन्छ । भारतमा २२ वटा दल मिलेर संसदको पूर्ण कार्यकाल सरकार चलाएका अनुभव छन्। त्यसको तुलनामा तपाईंले अहिले चलाउनुपर्ने गठबन्धन धेरै भद्दा र असजिलो हैन । यो गठबन्धनमा तपाईंलाई असजिलो पार्न चाहने मान्छे र दलहरू खासै कोही पनि छैनन्, कम्तीमा अहिलेको हकमा ।

ओलीको अर्को मुख्य गल्ती नैतिक मूल्यबाट जानाजान स्खलित हुनु थियो । निजी तथा गुटस्वार्थका लागि ओलीले गर्नु हुने र गर्न नहुने कुराको भेद गर्न सक्ने क्षमता गुमाएका थिए । कुनै उपदेश दिन खोजेको हैन, स्मरण मात्र गराएको, यथार्थमा सार्वजनिक जीवनमा भएका मान्छेको जीवनको सार्थकता नै नैतिक मूल्यमा आधारित हुन्छ । हिजोका कुरा गर्ने हो भने केही आरोप तपाईंमाथि पनि छन् ।

विशेषतः २०५८ पछि तपाईंका कदम कसरी ज्ञानेन्द्र शाहको कुत्सित मनसायका लागि सहयोगी भए भन्ने सन्दर्भमा । हिजो के कसो भए, त्यता नजाऊ, आज तपाईंबाट त्यस्ता गल्ती भए क्षम्य हुन गाह्रो छ । सर्वोच्च अदालतको फैसलामा यसपटक संवैधानिक नैतिकताद्द व्याख्या समेटिएको थाहा पाउनुभयो नै होला । त्यो भनेको कुनै ठूलो, गाह्रो र अमूर्त कुरा हैन । नैतिक मूल्यको सरल अर्थ गर्न हुने र गर्न नहुने कुराको विवेकसम्मत भेद गर्नु हो ।संसारका यावत् नीतिशास्त्रले यही भन्छन् कि मान्छे इन्द्रिय वशीभूत प्राणी हो। महान् भनिएका मानिसहरू अरू केही हैनन्, आफ्ना स्वार्थलाई विवेकले नियन्त्रण गर्न सक्ने मानिस हुन् ।

मलाई लाग्दछ– तपाईंको विशेष जोड सुशासनमा हुनुपर्दछ । एउटा यस्तो कार्यकाल कि न कसैले घुस खायो वा नखुवायो, न कमिसन खायो न खुवायो, न कसैले कुनै आर्थिक हिनामिना गऱ्यो वा गरायो । ७–१७ महीनाको एउटा अवधि नमूनाकै लागि सही के त्यसरी मेन्टेन हुन सक्दैन ? चाहनुभयो भने सक्दछ । त्यसका लागि अर्थोक केही गर्नुपर्दैन, तपाई आफैं, तपाईंको सचिवालय, सल्लाहकार समूह र मन्त्रीलाई प्रष्ट गर्न सक्नुपर्दछ कि यसपालि म यसरी चल्छु, कृपया मलाई साथ दिनुस्। कसैले दायाँ–बायाँ नगर्नुस्, गरे म सहने छैन । के तपाईंले यसो भन्न सक्नुहोला ?

गठबन्धन भावनाको रक्षा, विवेकसम्मत कार्यशैली र सुशासन– यी मैले नरम शक्तिको कुरा गरें । अब अलिकति गरम शक्तिको कुरा गर्न चाहन्छु। गरम शक्ति अर्थात् तत्काल गरिनुपर्ने कामहरू । सबैलाई थाहा छ– ७ देखि १७ महीनाभित्र कुनै ठूलो पहाड पल्टिनेवाला छैन। ओलीले अर्को गल्ती यही गरेका थिए कि मानौं कि उनी कुनै पहाड पल्टाउन प्रधानमन्त्री भएका हुन् । पल्टाउन नसकिने ठूलो ढुंगा हातले ठेली बसेर ढुंगा कहीं पुग्दैन, बरु ठेल्ने आफैं असिनपसिन हुन्छ। उल्टै हातमा ठेला उठ्छ । अबको शासनशैलीमा त्यस्तो मूर्खता कसैले पनि गर्नुहुादैन ।

ओलीले चुच्चे रेल, मेट्रो, मोनो रेल भने । घरघरमा ग्यासपाइप भने । शहरभरी विद्युतीय बस भने । हिन्द महासागरमा पानीजहाज भने। आफ्नै तेल उत्खनन गर्ने भने । आदित्यादि केके भने भने । देउवाजी कृपया यो गल्ती तपाई नगर्नुहोला । यस्तो ठूला योजनाहरू पाइपलाइनमा हाल्दिने हो, कुनै एउटा प्रधानमन्त्रीको कार्यकालमा सम्पन्न हुने हैनन् । जनता अब त्यति लाटा छैनन् कि कसैले उडन्ते गफ लगायो भन्दैमा पत्याउन्नन् । राज्यका दीर्घकालीन प्रक्रिया चल्दै गर्लान् । त्यो कुनै एउटा प्रधानमन्त्रीको जस–अपजसको विषय हुादैन। त्यस्ता उडन्ते गफले भोट आउने पनि हैन । ओलीले करीब ४० महीना बिताए। यद्यपि उनले पद र कुर्सीको चिन्ता छोडेर निष्फिक्री देश र जनताको कुरा सोचेको भए हुन्थ्यो । तर, उनले आफ्नै पार्टी र सहकर्मीलाई विश्वास गर्न सकेनन् । फलतः दुई तिहाइको यो हविगत भयो । देउवाजी ओलीको यो गल्ती तपाई बिल्कुलै नदोहोऱ्याउनुहोला ।

तत्काल गर्नुपर्ने काम चाहिं कोभिड, कोभिड र कोभिड हो। प्रधानमन्त्रीको पद सम्हाल्दा पहिलो निर्णय कोभिड खोप बनाउनुभएकोमा धन्यवाद छ । कोभिड–१९ नियन्त्रणमा ओलीले जुन गल्ती गरे, त्यो दोहोऱ्याउनु हुन्न भन्ने आशा धेरैलाई छ । कोभिड–१९ बारे ओलीले हिमाली चिसो हावा, बेसार पानी, अम्बाको पातको गार्गिल, मसालेदार खाना आदि अनेक उडन्ते कुरा गर्दै हिंडे । स्वास्थ्य विज्ञानको दृष्टिकोणबाट तपाई कोभिड–१९ बारे कहिल्यै एक शब्द नबोल्दा हुन्छ । यो प्रधानमन्त्रीको कार्य क्षेत्र नै हैन, स्वास्थ्य विज्ञहरूको कार्य क्षेत्र हो ।

प्रधानमन्त्री स्वास्थ्य विज्ञ हुनुपर्दैन, महामारीको गम्भीरता बुझ्ने र नीतिगत व्यवस्थापन गर्ने हो । ओली त्यहींनेर चुकेका थिए ।

कोभिड–१९ को खोप अनुदान पर्खेर हुादैन। पुग्दैन। ओली सरकारको अर्को ठूलो गल्ती थियो यो। मध्यावधि चुनाव गर्न जति पनि पैसा छ भन्ने, अन्यत्र छेलोखेलो पैसा दुरुपयोग गर्ने, खोप किन्ने क्षमता छैन भनेर दान पर्खेर बस्ने। यो तरिका बिल्कुल ठीक थिएन । हरेक चिजमा दान, अनुदान पर्खेर बस्ने, यो मगन्ते संस्कृति अब नेपाल र नेपालीलाई सुहाउदैन । विश्वको सम्मानजनक साझेदार हुने हो हामी, सधैं कसले कहिले के दिन्छ भनेर हात थाप्दै हिंड्ने मगन्ते हैन। ओलीले कोभिड खोप जस्तो विषयमा पनि देशलाई मगन्ते बनाए । देशको भिखारी छवि कायम राखे । कसैले आफैं दिन्छन्, ठीकै छ ।

**(खतिवडा जसपाका प्रचार विभाग प्रमुख हुन् ।)**

आफ्नो घर अगाडीको आँगनमा बिरुवा रोपौं
हरियाली बढाऔं
गुजरा नगरपालिकाको कार्यालयद्धारा जनहितमा जारी संदेश

## रोचक

# श्रीमानकै मिल्ने साथीसँग श्रीमतीको प्रेम



**एजेन्सी**–श्रीमान,श्रीमतीको जीवनमा कुनै तेस्रो व्यक्तिको प्रवेशबारे सुन्नुभएको होला तर अमेरिकाको सिएटलमा यस्तो घटना सार्वजनिक भएको छ जुन थाहा पाउादा तपाई चकित हुनुहनेछ । यहाँ विवाहपछि जब श्रीमानलाई आफ्नी श्रीमती द्वीलिङ्गी भएको थाहा भयो तब उनले श्रीमतीलाई उपहारमा उनको प्रेम दिए । अर्थात्, श्रीमानले ती महिलालाई घरमा ल्याए जसलाई उनकी श्रीमतीले प्रेम गर्थिन् । त्यसपछि यी तीनजनाको जीवन कसरी चलिरहेको छ, यसबारे उनीहरुले निकै अचम्मित गरिदिने जानकारी दिए ।

अमेरिकाको यो जोडीको प्रेम कहानीको सुरुवात कलेजबाट भएको थियो । श्रीमान् जस्टिन व्यावसायिक रुपमा हास्यकलाकार हुन् । उनका अनुसार सन् २००६ मा एक कमेडी शोको क्रममा उनको भेट रियल स्टेट असोसिएट केटी रुपलसँग भएको थियो । यो भेट प्रेममा बदलियो । यी दुईले एक–अर्कालाई थुप्रै वर्षसम्म डेट गरे ।

सन् २०१३ मा केटी र जस्टिनले विवाह गरे । विवाहपछि श्रीमान्–श्रीमतीबीच केही कुरा लुक्दैन भन्ने गरिन्छ । यस्तै, एक गोप्य जानकारीबारे जब केटीले श्रीमानलाई बताइन्, तब उनी हैरान भए ।

केटीले बताए अनुसार उनी द्वीलिङ्गी हुन् र यसबारे आफू उत्सुक भएको र यसबारे थप जानकारी लिन चाहेको बताइन् । त्यसपछि उनले जस्टिनकी साथी क्लेयरबारे कुरा गरिन् । क्लेयरलाई उनले आफ्नो सोसल मिडिया अकाउन्टमा देखेको र उनीतर्फ आफू आकर्षित भएको पनि केटीले श्रीमानलाई बताइन् ।

जस्टिनले बताए अनुसार ३६ वर्षीया क्लेयर थोर्नहिल उनकी कलेजकी साथी हुन् । जब आफ्नी श्रीमतीले क्लेयरलाई प्रेम गर्ने उनले थाहा पाए तब एकदिन उनले श्रीमतीसँग मिलेर क्लेयरलाई यसबारे कुरा राखे ।

क्लेयरले यसबारे कुरा गर्दै भनिन्,जब जस्टिन र उनकी श्रीमती केटीले यसबारेकुरा गरे तब म सुरुमा त निकै अचम्ममा परो तर म पनि पहिले देखि नै महिला–पुरुष दुबैमा रुची राख्ने भएकोले म उनीहरुसँगै बस्न राजी भए ।तीनैजनाका अनुसार यस्तो प्रकारको सम्बन्ध टिकाउनका लागि टीमवर्क र राम्रो संवाद आवश्यकता पर्छ । तीमध्ये यदि कसैलाई कुनै कुरा चित्त बुझ्दै वा कुनै कुरामा जलन हुन्छ भने उनीहरु एक–अर्कासँग बसेर यसबारे चर्चा गर्छन् ।उनका अनुसार यो निर्णयले उनका आमाबुवालाई कुनै समस्या भएन तर उनीहरुले थुप्रैपटक अनलाइनमा ट्रोलको भने सामना गर्नुपरेको छ । क्लेयर भन्छिन्,एक मानिसको रुपमा, हामी कुनै एक व्यक्तिका लागि आफ्नो प्रेम कम नगरीकनै थुप्रै मानिसहरुलाई प्रेम गर्न सक्षम छौं र हामी एक–अर्कालाई पाएर निकै भाग्यमानी छौं ।

उनले भनिन्,हामीलाई आफ्नो साझेदारीमा गर्व छ र चाहन्छौं कि कसैलाई प्रेम गरेकै विषयमा तपाईंले लज्जा महसुस गर्नुपर्दैन भनेर जानकारी दिन चाहन्छौं ।

## मनोरञ्जन

# कर नतिरेपछि विजयलाई जरिवाना



**एजेन्सी**–भारतको मद्रास हाइकोर्टले दक्षिण भारतका सुपरस्टार विजयलाई १ लाख जरिवाना तिर्न आदेश दिएको छ । विजयले आफ्नो लग्जरी कार रोल्स रायस घोस्टमाथि कर लगाएकोमा आपत्ती जनाएका थिए । यो बिषयमा अदालतले भनेको छ जसलाई मानिसहरुले रियल हिरो नै मान्छन्, उनीहरु पर्दाको मात्र हिरो रहन सक्दैनन् ।

यस्तो सम्मानित पेशामा रहेका नायकबाट सही समयमा सही तरिकाले करको अपेक्षा गरिन्छ । जसलाई फ्यानले रियल हिरोको रुपमा हेर्छन्, उनीहरु पर्दाको हिरोको रुपमा मात्र सिमित रहन सक्दैनन् ।

विजयले बेलायतबाट सन् २०१२ मा यो कार मगाएका थिए । मद्रासको उच्च अदालतका न्यायधिस एसएम सुब्रमण्यमले फैसलामा भनेका छन् तमिलनाडु जस्तो प्रदेश, जहाँ नायक नै शासक बन्छन् । यस्तो ठाँउमा एक नायकबाट यी कुराको आशा गर्न सकिदैन । उनीहरुले आफूलाई नायकको जस्तै व्यवहार प्रदर्शन गर्न आवश्यक छ । कर नतिर्नु राष्ट्र विरोधी काम हो र यो असंवैधानिक छ ।

रोल्स रायस घोस्टको भारतीय बजारमा ६ करोड रुपैयाँ पर्दछ । तमिलनाडुमा यो कारको मुल्यमा २० प्रतिशत कर लाग्छ । अदालतले विजयलाई सम्मानित तरिकाले कर तिर्न आदेश दिएको छ ।

# भूवनको फेरिएको गेटअप

**एजेन्सी**–नायक भूवन केसीले चलचित्र मिस्टर नेपालीमा खलनायकको रुपमा काम गरे । तर, यो चलचित्रमा उनको भूमिकालाई लिएर दर्शकले कुनै चासो देखाएनन् । उनी, यो चलचित्रको पत्रकार सम्मेलनमा फरक गेटअपसहित प्रस्तुत भएका थिए ।

सो समयमा भूवनले चलचित्र एन्टी हिरो मा आफू खलनायकको रुपमा देखिन लागेकाले गेटअप परिवर्तन गरेको बताएका थिए । तर, अब यो चलचित्र बन्ने वा नबन्ने कुनै टुंगो छैन । भूवन केसीकै होम प्रोडक्शनको रुपमा बन्ने यो चलचित्रमा नायक अनमोल केसीको मुख्य भूमिका रहने बताइएको थियो । तर, नायक भूवन केसीले यसपछि २ वटा चलचित्र निर्माणको घोषणा गरिसकेका छन् ।

भूवनले चलचित्र माइतीघर २ मा पनि आफूले काम गर्न लागेको बताएका थिए । यो चलचित्रमा भूवन कस्तो भूमिकामा देखिने हुन् भन्ने कौतुहलता दर्शकमा पैदा भएको थियो । तर, यो चलचित्रका निर्देशक सुवोध चोपडाको कोरोना



संक्रमणका कारण निधन भएपछि अब यो चलचित्र पनि बन्ने या नबन्ने पक्का छैन ।

यसैविच, भूवनले सामाजिक संजालमा नयाा गेटअपसहितको फोटो पोष्ट गरेका छन् । भूवनको यो गेटअपलाई चलचित्रकर्मी र उनका फ्यानले निकै रुचाएका छन् ।

तर, भूवनले आफ्नो फरक गेटअप चलचित्रमा भने कहिले देखाउने हुन् ? भूवनले चलचित्रमा काम गर्ने चर्चा भैरहेपनि ती चलचित्र बन्ने या नबने कुनै टुंगो लगाउन सकेका छैनन् ।

## अन्तराष्ट्रिय/खेलकुद

# ब्राजिलका राष्ट्रपति अस्पताल भर्ना



**एजेन्सी**–दिनसम्म लगातार हिक्क–हिक्क आएपछि ब्राजिलका राष्ट्रपति जेयर बोल्सोनारो अस्पताल भर्ना भएका छन् । उनको आकस्मिक सर्जरीको आवश्यकता हुन सक्ने ब्राजिलको राष्ट्रपति कार्यालयले बताएको छ ।

बोल्सोनारोको आन्द्रामा देखिएको केही अवरोधको विषयमा जाँच गराउन उनलाई साओपाउलोस्थित एक अस्पतालमा सारिएको छ । सामाजिक सञ्जाल ट्वीटरमा एक पोस्ट गर्दै बोल्सोनारोले आफू छिटै नै फर्किने बताएका छन् ।

६६ वर्षीय बोल्सोनारोको स्वास्थ्यको विषयमा सन् २०१८ देखि नै चिन्ता व्यक्त गरिएको थियो । सन् २०१८ मा निर्वाचनको प्रचारको क्रममा आक्रमणकारीको एक समूहले उनीमाथि चक्कु आक्रमण गरेको थियो । जसको कारण उनको आन्द्रमा गम्भीर चोट देखिएको थियो ।

उक्त घटनामा बोल्सोनारोले शरीरको ४० प्रतिशत रगत बगेको थियो र त्यसयता उनले धेरैपटक सर्जरी गराइसकेका छन् । समाचारमा उल्लेख गरिए अनुसार बुधबार ब्रासिलियास्थित सेनाको अस्पतालमा लगिएको थियो, जहाा उनी चिकित्सकको निगरानीमा थिए । यद्यपि सन् २०२८ देखि बोल्सोनारोको उपचारमा संलग्न डाक्टरले उनलाई साओपाउलो लैजानुपर्ने बताएका थिए ।

बोल्सोनारोका छोरा फ्लावियोले सीएनएनसागको कुराकानीमा आफ्ना बाबुको सामान्य सर्जरी गरिएको र पेटमा भरिएको पानी बाहिर निकालिएको बताएका छन् । राष्ट्रपति बोल्सोनारोलाई कुरा गर्नमा समस्या भइरहेको उनको भनाइ छ ।

# साफ च्याम्पियनसिप अनिश्चित

**काठमाण्डौ**–दक्षिण एसियाको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता साफ च्याम्पियन सेप्टेम्बर हुने तय गरिएको थियो । तर, कोभिड–१९ महामारीका कारण यस वर्ष पनि साफ हुनेमा अझै शंका छ ।

आगामी सेप्टेम्बर १४ देखि २४ सम्म बंगलादेशमा साफ हुने तालिका छ । तर कोरोना महामारीले गर्दा अहिलेसम्म साफ तोकिएकै मितिमा हुने सम्भावना कम हादै गएको छ ।

साफले दुई साताअघि सदस्य राष्ट्रहरुसाग च्याम्पियनसिप आयोजनाबारे छलफल गर्दा च्याम्पियनसिप केही अघि सारेर गर्ने प्रस्ताव गरेको थियो । जसमा अगष्ट ३१ देखि सेप्टेम्बर ७ सम्म गर्ने प्रस्ताव गरिएको थियो ।

**अन्योलमा साफ च्याम्पियनसिप :** कोभिड–१९ र प्रायोजक मुख्य चुनौती

यस्तै साफले बंगलादेश फुटबल फेडरेसनलाई च्याम्पियनसिप आयोजना बारेआफ्नो निर्णय दिन आज सम्मको समयसीमा दिएको थियो । अब बंगलादेश फुटबल फेडेरेसनले आफ्नो अन्तिम निर्णय दिएपछि थप प्रकियाबारे छलफल हुने साफ महासचिव अनवरुल हक हेलाले बताए । साफका अध्यक्षसमेत रहेका बंगलादेश फुटबल फेडेरेसनका अध्यक्ष काजी सलाहउद्दिनले साफ चयाम्पियनसिप आयोजना अझै अनिश्चित रहेको बताएका छन् ।

बंगलादेशको अनलाइन डेली स्टारसंगको कुराकानीमा सलाहउद्दिनले कोरोना महामारी, प्रायोजक र आयोजना स्थलको समस्याको कारण अहिले नै भन्न सकिने अवस्था नरहेको बताए । लकडाउन र महामारीले गर्दा कुनै पनि देशले अहिलेसम्म विश्वस्त भएर केही भन्न सकेका छैनन् । जस्तै भुटान अहिले आफ्नो देशभन्दा बाहिर आउने अवस्था छैन । यस्तै आर्थिक पाटो पनि छ । जसले हामीलाई प्रायोजक गर्ने वाचा गरेका थिए उनीहरुले पनि अहिले पर्ख र हेरको अवस्थामा हामीलाई पर्खाईरहेका छन् ।









# सवारी साधानको लिलाम बिक्री सम्बन्धी सुचना

यस बैकको स्वामित्वमा रहेको तपसिल बमोजीमका सवारीसाधन जेजस्तो अवस्थामा छ। सोहि अवस्थामा शिलबन्दी बोलपत्रमार्फत् बिक्री गरिने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीहरुले यस बैकको गरुडा शाखामा सम्पर्क गरी तोकिएको अधीनमा रहि यो सूचना प्रकाशीत भएको मितीले ७ दिनभित्र गोप्य शिल्बन्दी बोलपत्र प्रस्ताव आह्वान पेस गनुहुन आह्वान गरिन्छ। लिलाम बिक्री हुने सवारी साधनको विवरण निम्नानुसार छ।

| क्र.सं. | सवारीको किसिम | दर्ता नं | बनेको साल |
|---|---|---|---|
| १. | **Hero Honda Super Splendor** | ना.२१ प ४५७३ | २०१२ |

१.यो सुचना प्रकाशित भएको मितिले ८ औ दिन कार्यलय समय भित्रै (सो दिन सार्वजनिक बिदा परेमा सो लगतै कार्यलय खुलेको दिन बोलपत्तदार्ता गराइसक्नु पर्नेछ। प्राप्त बोलपत्र बैक शाखा कार्यलयस्थित बोलपत्रदार्ता र कार्यलयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यलयमा खोलिने छ। निर्धारित समयमा बोलपत्रदार्ता वा प्रतिनीधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाद्या पर्ने छैन। बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोहि स्थानमा ,सोही समयमा बोलपत्र हरु खोलिने छ।

२.बोलपत्र स्वीकृत तथा अस्वीकृत गर्ने सर्वाधिकार यस बैक सुरक्षित रहनेछ।

३.सम्पर्क ठेगाना : गरुडा –४, रौतहत ,फोन नं ०५५–५६५०७०

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा




# सरकारका काम साइनबोर्डमा मात्र सीमित



**जनसरोकार संबाददाता**
**जनकपुर,३१ असार ।**

प्रदेश २ सरकारले सुरुवातमै अप्पन शासन अप्पन प्रशासन नाराका साथ क्रान्तिकारी छवि बनाएको थियो। झण्डै साढे तीन वर्षको अवधिमा प्रदेश सरकारले नै त्यो नाराको सार्थकता देखाउन सकेको छैन भने विकास निर्माणाका काममा समेत खासै उपलब्धि देखिएको छैन ।

गरिबी तथा अशिक्षाले गर्दा प्रदेश २ का जनताको आर्थिक अवस्था कमजोर छ । विकासका बाधकका रुपमा रहेका यी दुवै क्षेत्रका समस्या समाधानमा प्रदेश सरकार उदासिन देखिएको छ ।

जनताले प्रदेश २ सरकारको औचित्य र उपस्थिति खोजिरहेका समयमा सरकारले भने साइनबोर्ड तथा होर्डिङबोर्डमार्फत ठाँउठाँउमा आफ्नो उपस्थिति देखाउनबाहेक अरु प्रभावकारी काम गर्न नसकेको सर्वसाधारणको गुनासो छ ।

त्यसो त, प्रदेश २ सरकारले विभिन्न महत्वाकांक्षी योजना अघि बढाएको छ । तिनको सफल कार्यान्वयनमार्फत प्रदेशवासीलाई प्रतिफल दिनुभन्दा पनि घोषित कार्यक्रमको प्रचारप्रसारका लागि नै प्रदेश सरकारले ठुलो परिमाणमा बजेट खर्च गर्दै आएको छ ।

सरकारले अघि सारेका योजनाको प्रचारप्रसारका लागि ठाँउठाँउमा साइनबोर्ड तथा होर्डिङ बोर्ड राख्नका लागि बर्सैनि ठुलो परिमाणमा रकम खर्च गर्ने गरिएको छ । यस्तो प्रचार प्रसारका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सबैभन्दा अगाडि देखिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आर्थिक वर्षका लागि ३१ लाख रुपैयाा प्रचार प्रसारका लागि छुट्याएको छ । चालु आर्थिक वर्षमा मुख्यमन्त्री कार्यालयले प्रचार प्रसारका नाममा ८० लाख रुपैयाा छुट्याएको थियो ।

प्रदेश सरकारको महत्वाकांक्षी योजना मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ अभियान सम्बन्धी होर्डिङबोर्ड निर्माण तथा ठुल्ठुला ब्यानरका लागि आगामी आर्थिक वर्षमा १६ लाख रुपैयाा बजेट छुट्याइएको छ । चालु आर्थिक वर्षमा यही अभियानको होर्डिङबोर्ड राख्न ५० लाख रुपैयाा बजेट मुख्यमन्त्री कार्यालयले छुट्याएको थियो ।

सोही अभियानको प्रचार प्रसारका लागि टिसर्ट र ब्याच खरिद गर्न आगामी आर्थिक वर्षमा ५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । चालु आर्थिक वर्षमा यसका लागि १० लाख रुपैयाा बजेट राखिएको थियो ।

प्रदेश सरकारको अर्को महत्वाकांक्षी योजना मुख्यमन्त्री स्वच्छता अभियान सम्बन्धी होर्डिङबोर्ड राख्न आगामी आर्थिक वर्षमा १० लाख रुपैयाा बजेट छुट्याइएको छ । यसकै लागि चालु आर्थिक वर्षमा २० लाख रुपैयाा बजेट विनियोजन भएको थियो ।

विभिन्न योजनाको प्रचार प्रसारका लागि वार्षिक लाखौं रकम खर्च गर्नु आश्चर्यजनक भएको युवा अभियन्ता सरोज मिश्र बताउछन्। उनले जनताको कामभन्दा पनि होर्डिङबोर्डमा मात्रै प्रदेश सरकारको सीमितता देखिएको आरोप लगाए ।

